# सिमकोट गाँउपालिकाको आर्थिक ऐन २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०३।१४

सिमकोट गाँउपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना: सिमकोट गाँउपालिकाको आर्थिक वर्ष २०७६/७७को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सिमकोट गाँउ सभाले यो ऐन बनाएको हो ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१)यस ऐनको नाम “आर्थिक ऐन २०७६” रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि सिमकोट गाँउपालिका क्षेत्रमा लागू हुनेछ ।

२.सम्पति कर: गाँउपालिका क्षेत्रभित्र अनुसुची (१)बमोजिम एकिकृत सम्पति कर/घर जग्गा कर लगाइने र असुल उपर गरिने छ ।

३.भुमि कर (मालपोत): गाँउपालिका क्षेत्रभित्र अनुसुची (२)बमोजिम भूमि कर (मालपोत) असुल उपर गरिने छ ।

४. घर वहाल कर: गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुची (३)बमोजिम घर वहाल कर लगाइने र असुल उपर गरिने छ ।

५.व्यावसाय कर: गाँउपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४)बमोजिम व्यावसाय कर लगाइने र असुल उपर गरिने छ ।

६.जडिबुटी कवाडी र जीवजन्तु कर: गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन खोटो जडिबुटी बनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड सिङ प्वाँख छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेवापत अनुसुची (५)बमोजिमको कर लगाइने र असुल उपर गरिने छ ।

७.सवारी साधन कर: गाँउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (६)बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।

८.विज्ञापन कर: गाँउपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची (७)बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९.मनोरञ्जन कर: गाँउपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यावसाय सेवामा अनुसुची (८)बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०.बहाल विटौरी शुल्क: गाँउपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा संचालन गरेका अनुसुची (९)उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्वस्था अनुसार बहाल विरौटी शुल्क लगाइने र असुल उपर गरिने छ ।

११.पार्किङ शुल्क : गाँउपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुची (१०)बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२.ट्रेकिङ कोयोकिड क्यानोइङ्ग बन्जी जम्पिङ जिप फ्लाएर र ऱ्याफटिङ शुल्क: गाँउपालिका क्षेत्रभित्र ट्रेकिङ कोयोकिड क्यानोइङ्ग बन्जी जम्पिङ जिप फ्लाएर र ऱ्याफटिङ सेवा वा व्यवसाय संचालन गरे वापत अनुसुची (११)बमोजिम शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३.सेवा शुल्क दस्तुर: गाँउपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनुसुची (१२) मा उल्लिखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ ।तर अपाङ्ग र एकल महिलाहरुको लागि सबै प्रकारका सिफारिसहरुमा पूर्ण छुट दिइनेछ ।

१४.पर्यटन शुल्क : गाँउपालिकाले आफ्नो क्षेत्रभित्रका धार्मिक, भौगोलिक, प्राचिन, ऐतिहासिक र पार्क क्षेत्रहरुमा प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची (१३)बमोजिम पर्यटन कर लगाइने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५.फोहरमैला तथा सरसफाई शुल्क: गाँउपालिकाले आफ्नो क्षेत्रभित्र अनुसुची (१४)बमोजिम फोहरमैला तथा सरसफाई शुल्क लगाइने र असुल उपर गरिने छ ।यसरी उठाउँदा ट्राभल एजेन्सीहरुबाट उठाइने शुल्क अन्य स्थानिय तहसँग सहकार्य गर्नु पर्ने देखिएमा सहमती बमोजिम विभाजन गरी जम्मा गरिनेछ ।

१६. वातावरण शुल्क : गाँउपालिकाले आफ्नो क्षेत्रभित्र निकासी उत्खनन र विक्री हुने ढुङ्गा, गिट्टी, रोडा, बालुवा, ग्राभेल, काठ, दाउरा आदिमा अनुसुची (१५) बमोजिम वातावरण शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१७. पशु स्वास्थ्य र कृषि सेवा शुल्क : गाँउपालिकाले प्रदान गर्ने पशु स्वास्थ्य र कृषि सेवा सम्वन्धि सुविधाहरुमा अनुसुची (१६) बमोजिम पशु स्वास्थ्य र कृषि सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१८. परिक्षा शुल्क : गाँउपालिकाले सञ्चालन गर्ने विभिन्न परिक्षाहरुमा अनुसुची (१७) बमोजिम परिक्षा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१९.कर छुट:यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

२०.कर तथा शुल्क संकलन कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाँउपालिकाले तोके अनुसार हुने छ ।संघिय र प्रादेशिक ऐन नियम र व्यवस्था अनुरुप उठाइने कर तथा शुल्कका दरहरु सोही बमोजिम उठाइने र असुल उपर गरिनेछ ।